**निर्णय नं. १ :** नोवल कोरोना भाईरस हाल विश्वव्यापी महामारीका रुपमा फैलिएको र नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सो को पूर्व तयारीका लागि लेखि आएकोले देवचुली नगरपालिकामा देहाय बमोजिमको नगरस्तरीय र स्वास्थ्य संस्था स्तरीय द्रुत प्रतिक्रिया टोली (Rapid Response Team – RRT) गठन गर्ने

**नगरस्तरीय RRT :**

संरक्षक – श्री पूर्ण कुमार श्रेष्ठ, नगर प्रमुख

संयोजक – डा. विद्या भुसाल, प्रमुख प्राथमिक स्वास्थ्य केन्द्र दुम्कौली

सदस्य – श्री लिलाप्रसाद काफ्ले, प्रमुख देवचुली स्वास्थ्य चौकी

सदस्य – श्री लोकनाथ अर्याल, प्रमुख प्रगतिनगर स्वास्थ्य चौकी

सदस्य – श्री बेदप्रसाद दाहाल, प्रमुख रजहर स्वास्थ्य चौकी

सदस्य – श्री कृष्णप्रसाद पौडेल, प्रमुख रजहर आयुर्वेद

सदस्य सचिव – श्री रामकुमार श्रेष्ठ, प्रमुख स्वास्थ्य शाखा

**स्वास्थ्य संस्थास्तरीय RRT :**

संरक्षक – सम्बन्धित संस्थाको संचालक समिति अध्यक्ष

संयोजक – सम्बन्धित स्वास्थ्य संस्था प्रमुख

सदस्य – आवश्यक संख्यामा संयोजकले मनोनित गरेका सम्बन्धित स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी ।

**निर्णय नं. २ :** नोवल कोरोना भाईरसका कारण देखिन सक्ने सम्भावित लक्षणहरुको तत्काल उपचारका लागि अत्यावश्यक औषधि तथा उपचारजन्य सामग्रीको सूचि तयार गरि नियमानुसार छिटो माध्यमबाट उक्त औषधि र सामग्री खरिद गरी तयारी अवस्थामा रहने ।

**निर्णय नं. ३ :** देवचुली नगरपालिकामा आउने सेवाग्राहीको सामान्य स्वास्थ्य चेक जाँच गर्नका लागि तत्काल एक जना स्वास्थ्यकर्मी खटाई हेल्थ डेस्कको स्थापना गर्ने ।

**निर्णय नं. ४ :** नोवल कोरोना भाईरसको महामारी फैलिहालेमा पूर्व तयारी स्वरुप प्राथमिक स्वास्थ्य केन्द्र दुम्कौलीमा आईसोलेसन बेडसहित अत्यावश्यक औषधि र उपचारजन्य सामग्रीहरु तयारी अबस्थामा राख्नका लागि प्राथमिक स्वास्थ्य केन्द्रलाई निर्देशन दिने ।

**निर्णय नं. ५ :** देवचुली – १६ रजहरमा रहेको प्राकृतिक चिकित्सालयमा नोवल कोरोना भाईरस महामारीको पूर्व तयारीस्वरुप Rapid Response Team – RRT गठन गरी आईसोलेसन बेडसहित अत्यावश्यक औषधि र उपचारजन्य सामग्रीहरु तयारी अबस्थामा राख्नका लागि अनुरोध गर्ने ।

**निर्णय नं. ६ :** देवचुली नगरपालिका क्षेत्रभित्र नोवल कोरोना भाईरसको महामारी फैलन नदिनका लागि अपनाउनुपर्ने सावधानीहरुका बारेमा सन्देशमूलक जानकारी सहितका फ्लेक्स प्रिन्ट, पोष्टर, पम्प्लेट आवश्यक संख्यामा तयार गरी नगरपालिका, वडा कार्यालयहरु, सम्पूर्ण विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक स्थल र मुख्य चोक बजारका सबैले देख्ने स्थानहरुमा टाँस गर्नुका साथै सन्देशमूलक जानकारीहरु स्थानीय एफ.एम. र माईकिङ गरि प्रचार प्रसार गर्ने ।

**निर्णय नं. ७ :** यस नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका निजी स्वास्थ्य संस्था, क्लिनिक र औषधि पसलहरुले चिकित्सकको जाँच र सिफारिस विना विभिन्न खाले औषधि बिक्रि वितरण गरेको जानकारी प्राप्त भएकोमा यसबाट जनमानसमा पर्न सक्ने नकारात्मक प्रभाव र जनस्वास्थ्यमा हुनसक्ने जोखिमको अबस्थाप्रति नगरपालिका अत्यन्त गम्भीर भएको, स्वास्थ्य संस्था दर्ता तथा संचालन निर्देशिका, २०७६ समेत जारी गरिसकेको अवस्थामा सो को कार्यान्वयन हुन साथै चिकित्सकको जाँच पुर्जी र सिफारिस विना कुनै पनि किसिमका औषधि बिक्री नगर्न नगराउन निजी स्वास्थ्य संस्था, क्लिनिक र औषधि पसलहरुलाई लेखि पठाउने ।